फोन:-०४४-४११०५३

# औरही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

औरही, महोत्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०७८/०७९
चलानी नं. :-

दोश्रो पटक प्रकाशित सूचना

मिति २०७९/०४/०९ गते

**विषय :- मत्स्य पालनका लागि पोखरी ठेक्का सम्बन्धी सिलबन्दी दरभाउ पत्र आह्वान सूचना**

यस नगरपालिकाको आन्तरिक आय वृद्धि गर्ने उद्देश्यले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम यस नगरपालिकाको क्षेत्रधिकार भित्र पर्ने देहाय बमोजिमको सार्वजनिक पोखरीहरुमा मतस्य पालन गर्न/गराउन आ.व. २०७९/०८० देखि २०८३/०८४ सम्म ५ (पाँच) वर्षका लागि एकमुष्ट गनी महसुलमा पोखरी ठेक्का/वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट यस कार्यालयको website मा राखिएको तथा यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको विस्तृत सूचना तोकिएको शर्तहरुको अधिनमा रही सूचना प्रकाशति भएको मिति ७ (सात) औं दिनसम्म कार्यालय समय भित्र राजश्व /प्रशासन शाखाबाट दरभाउमा दस्तुर रु. १,०००। (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) दरभाउपत्र खरिद गरी ८ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता हुने गरी सिलबन्दी दरभाउ सूचना आह्वान गरिएको व्यहोरा अनुरोध छ ।

**निम्न बमोजिमको पोखरी**

| सि. नं. | वडा नं. | पोखरीको नाम | कवोल रकम रु. | धरौटी रकम ५% | कैफियत |
|---|---|---|---|---|---|
| १ | ८ | वडा कार्यालयको छेउमा रहेको पोखरीका | ७,००,०००। | ३५,०००। | |
| २ | ७ | वावाकुट्टी पोखरी | २०,००,०००। | १,००,०००। | |
| ३ | ९ | महादेव स्थन पोखरी | २०,००,०००। | १,००,०००। | |
| ४ | ७ | माईस्थान पोखरी | ७,००,०००। | ३५,०००। | |
| ५ | ६ | मा.वि. वैरिया पोखरी | ६,००,०००। | ३०,०००। | |

शर्त तथा वन्देजहरु

१. आ.व. २०७६/०७७ देखि ५ वर्षका लागि पोखरी ठेक्काको न्यूनतम रकम कायम गरिएको छ । न्यूनतम रकम भन्दा माथि सवै भन्दा वढी कवोल गर्ने सारभुत रुपमा प्रभावग्राही वोलपत्र दातालाई नियमानुसार ५ वर्षका लागि ठेक्का दिई चलन गर्न दिइनेछ ।

२. नगरपालिकालाई तिर्न वक्यौता रहेको, पेश्की तथा वेरुजु रहेमा नगरपालिकाले कालो सूचीमा राखी सेवा रोक्का राखेको व्यक्ति वा निजको एकाघरको परिवार सदस्यहरुको ठेक्का लिन पाउने छैन ।

३. प्राप्त वोलपत्रहरु मिति २०७९/०४/१७ गते अपरान्ह २:०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समय वोलपत्र दाता अथवा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थिति हुनुपर्ने छ । उपस्थिति नभए पनि वोलपत्र खोलन वाधा परेको मानिने छैन ।

४. शिलवन्दी दिने व्यक्ति नेपाली नागरिकले बोल रकमको ५ प्रतिशत हुने धरौटी रकम यस न.पा. कार्यालयको सिटिजन्स वैंक लि. शाखाका कार्यालय औरहीमा धरौटी खाता नं. ०६६०१०००००१२४२०१ मा जम्मा गरी सोको सक्कलै भौचर वोलपत्र साथ दाखिला गर्नुपर्ने छ ।

५. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आँशिक स्वीकृत गर्ने सर्वाधिकार न.पा.का सुरक्षित रहने छ ।

६. सदर हुन वोलपत्र दाताले ठेक्का अँकको दामासहलि धरौटी वाहेकको रकमलाई कबोल गरेको रकम वार्षिक दामासाहीले हुने रकम मध्ये पहिलो किस्ता र वार्षिक हुन आउने रकम सम्झौता गर्दा नै अग्रीम रुपमा वुझाउनु पर्नेछ ।

श्रीलाल कर्ण
प्रमुख प्रशासकीय अधिकृत

# औरही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

औरही, सिरहा
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०७८/०७९
चलानी नं. :-

७. ठेकेदारले राखिएको बैंक ग्यारेन्टी रकम नगरपालिकाले जुनसुकै बखत माग गरी बक्यौता रकम असुल उपर गर्न सक्नेछ ।
८. ठेक्का चलनको सम्बन्धमा अदालत, नगरपालिका, स्थानीय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशन नगरपालिका समक्ष माग दावी ठेकेदारले गर्न पाउने छैन ।
९. ठेक्का चलन गर्दा प्रचलित नेपाल कानुन (संघीय, प्रदेश तथा स्थानीय सरकार) बमोजिम गर्न गराउनु पर्ने छ । सो अनुसार नगरेमा ठेकेदार नै स्वतः जिम्मेवार हुनेछ ।
१०. नेपाल सरकारलाई बुझाउनु पर्ने रकम कर, शुल्क, दस्तुर ठेकेदारले बुझाउनु पर्नेछ ।
११. कुनै किसिमको हडताल, बन्द, चक्काजाम वा बाढी पहिरो सुखा आदी भएका दिनको क्षती विवरण खुलाई रकम मिन्हा माग्ने पाईने छैन ।
१२. स्वीकृत बोल रकम एकमुष्ट जमा गरेमा कबोल अंकको १० प्रतिशत छुट दिनेछ ।
१३. पोखरीको माछा मिक्दा विषदीको प्रयोग गर्न पाउने छैन, उक्त पोखरी सफा सुग्घर राख्नुपर्ने छ, पोखरी नुहाउन र पानी लिन प्रचलित संस्कार मनाउन मनाही गर्न पाउने छैन ।
१४. पोखरी हाल जुन अवस्थामा छ सोही अवस्थामा ठेक्का संचालन गर्नु पर्ने छ र पछि बाढी वर्षा वा अन्य कुनै प्रकारले पोखरी डील भत्केमा वा टुटेमा ठेकेदारले स्वंयम मर्मत गरी माछा पालन गर्नु पर्ने छ । सो लाग्ने खर्च न.पा.ले व्यहोर्ने छैन । पोखरीको सुन्दरतामा अभिवृद्धि गरी सफा र सुग्घर राख्नु पर्ने छ ।

.............................
धीरेन्द्र लाल कर्ण
नि. प्रमुख प्रशासकीय अधिकृत

धीरेन्द्र लाल कर्ण
नि. प्रमुख प्रशासकीय अधिकृत